# 'माटो' खण्डकाव्यमा बिम्बविधान

**ध्रुवराज गौतम**
सहप्राध्यापक, नेपाली विभाग, नेसंवि, जनता विद्यापीठ, दाङ।
Email: dhurbaraj18@gmail.com

**सारसङ्क्षेप:**

प्रस्तुत लेख 'माटो' खण्डकाव्यमा बिम्बविधानसँग सम्बन्धित छ। खण्डकाव्यको रचना विधानका कथावस्तु, पात्र, छन्द, लय, प्रतीक आदि विभिन्न संरचक तत्त्वहरूमध्ये एक महत्त्वपूर्ण अङ्ग मानिने बिम्बका दृष्टिले काव्यको अध्ययन तथा विश्लेषण गर्ने यसको उद्देश्य रहेको छ। यसक्रममा संभावनारहित नमूना छनोट पद्धति अनतर्गत उद्देश्यमूलक नमूनाछनोट पद्धतिका आधारमा काव्यकार नारायणकुमार आचार्यको यस कृतिलाई चयन गरिएको छ। काव्यमा बिम्बको प्रयोगबारे अध्ययन गर्दा वर्णनात्मक, विश्लेषणात्मक र तार्किक पद्धतिको प्रयोग भएको छ। प्रत्यक्ष रूपमा कुनै सजीव वा मानवीय पात्रको उपस्थिति नभएर पनि वैचारिक दृष्टिले फरक गरिमा बाकेको यस काव्यको अध्ययनका क्रममा पुस्कालयीय विधिबाट सामग्री सङ्कलन गरी गुणात्मक आधारमा तथ्यको विश्लेषण गरिएको छ। काव्यमा उपलब्ध साक्ष्यहरूमा निहित बिम्बको सत्यापन तथा अर्थापन गरेर तिनको मर्मको अनुशीलन भएको छ। यसक्रममा काव्यमा भएका आलङ्कारिक, प्राकृतिक, ऐतिहासिक, समसामयिक, यथार्थपरक, संवेदनात्मक, पारदर्शी, पौराणिक, सजीव, वौद्धिक, सामाजिक जस्ता बिम्बको सोदाहरण उललेख गरिएको छ। उल्लिखित बिम्बको सशक्त प्रयोगले काव्यको शिल्पपक्ष थप सबल बनेको छ। 'माटो' हामी सबैको जनक मात्र नभई पोषक र रक्षक समेत भएकोले यसको श्रीवृद्धिमा समर्पित हुनुपर्ने काव्यको मूलमर्म अभिव्यञ्जित गर्न उल्लिखित बिम्बहरूले विशेष भूमिका खेलेका छन्। यसरी हेर्दा काव्यकार आचार्य आफ्नो मूल कथ्यलाई सजीव रूपमा प्रस्तुत गर्ने कार्यमा विभिन्न बिम्बको प्रयोगमार्फत् सफल भएको निष्कर्ष यस अध्ययनले देखाएको छ।

**शब्दकुञ्जी:** बिम्बविधान, क्लिष्टता, प्रत्यक्षीकरणपरक, भावावेग, सम्मूर्तित।

## विषय परिचय

विश्वविद्यालयीय प्राध्यापन पेसामा जीवनको उर्वर समय समर्पित गरेका स्रष्टा हुन् कवि नारायणकुमार आचार्य (२००१)। माता कुन्तादेवी र पिता विष्णुप्रसाद आचार्यका सुपुत्र यिनी दाङ जिल्लाको हलवारमा जन्मिएका थिए। सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक लेखनलाई उच्च महत्त्व दिने यिनले कविता, गीत

र समालोचना लेखनका साथै प्रशस्त अनुसन्धानमूलक कार्य पनि गरेका छन् । यिनले राष्ट्रभक्ति, जातीय स्वाभिमान र प्राकृतिक सौन्दर्यका विविध पक्षलाई आफ्ना सिर्जनामा सशक्त रूपमा प्रस्तुत गरेका छन् । यसै पृष्ठभूमिमा यिनका विभिन्न कृतिहरूमध्येको *'माटो'* खण्डकाव्यको बिम्बपरक अध्ययनमा यो लेख केन्द्रित भएको छ । काव्यकृतिको विश्लेषणका विभिन्न आधारहरूमध्ये बिम्बलाई चयन गरी त्यसको सैद्धान्तिक प्रयोग र पृष्ठभूमिको चर्चासँगै काव्यमा रहेका साक्ष्यको आधारमा अध्ययन तथा विश्लेषण गर्ने कार्य यसमा भएको छ । आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेका अध्येता माधवप्रसाद पौडेलद्वारा आफ्नो स्नातकस्तरीय शोधपत्र (२०६३) लेखनका क्रममा काव्यको तात्त्विक विमर्श गर्दा यसबारे चर्चा गरिएको देखिन्छ भने पङ्तिकार स्वयम्ले *'युगबोध'* पत्रिकामा *'कवि नारायणकुमार आचार्यको 'माटो' खण्डकाव्यमा अभिव्यञ्जित यथार्थ'* (२०६२) शीर्षक दिएर कृतिको मूलमर्म खोतल्ने अभिप्रायले प्रकाशित गरेको लेखका अतिरिक्त यसबारे थप अध्ययन हुन नसकेको पृष्ठभूमि र काव्यमा प्रयुक्त बिम्बमा नै केन्द्रित भएर गरिने यस अध्ययनलाई शोध अन्तराल मानिएको छ । यसमा उद्देश्यमूलक नमूनाछनोट पद्धतिका आधारमा यस कृतिलाई चयन गरी पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरेर गुणात्मक ढाँचामा अध्ययन गरिएको छ । खण्डकाव्यको शिल्पपक्षसम्बद्ध बिम्ब पनि एक अङ्ग हो । यसले स्रष्टाका भावना, अनुभूति र कल्पनालाई मूर्त रूप दिने काम गर्दछ । पाठकलाई अनुभूतिको अन्तिम विन्दुसम्म पुर्‍याउन सफल हुने कल्पनाप्रसूत शब्दचित्ररूपी बिम्बको प्रयोग *'माटो'* खण्डकाव्यमा के कसरी गरिएको छ ? भन्ने मूल प्रश्न र त्यसको निराकरण गरी निष्कर्ष दिनुलाई यस आलेखको क्षेत्र र सीमा मानिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधि अवलम्वन गरिएको छ ।

### अनुसन्धानको ढाँचा

यो गुणात्मक ढाँचाको अध्ययन हो । यसमा काव्यमा निहित तथ्यको बिम्बका अभिलक्षणभित्र राखेर अध्ययन गर्ने काम गरिएको छ ।

### नमूना छनोट

प्रस्तुत अध्ययनमा काव्यकार नारायणकुमार आचार्यका विभिन्न सिर्जनाहरूमध्ये संभावनारहित नमूना छनोट पद्धति अन्तर्गतको उद्देश्यमूलक नमूना छनोट पद्धतिका आधारमा *माटो* (लघुकाव्य) छनोट गरिएको छ ।

### तथ्य सङ्कलन

प्रस्तुत अध्ययनमा आचार्यको *माटो* खण्डकाव्य र उनका बारेमा गरिएका खोज र लेखन अनि बिम्बबारे सैद्धान्तिक चर्चा गरिएका ग्रन्थ र अन्य लेखका साथै सूक्ष्म अवलोकन र प्रयोग समेतलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ ।

### तथ्य सङ्कलनका साधन

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा सिर्जनशील परिवार, दाङबाट प्रकाशित *माटो* (लघुकाव्य) वि.सं. २०६१ रहेको छ । यस्तै द्वितीयक सामग्री काव्यकार आचार्यबारे भए गरेका खोज, अनुसन्धान तथा विभिन्न पत्रिकामा प्रकाशित लेख र बिम्बसँग सम्बन्धित सैद्धान्तिक सामग्री रहेका छन् । यी सामग्रीहरू पुस्तकालय, विद्युतीय माध्यम एवम् प्रत्यक्ष भेटघाटबाट सङ्कलन गरिएका छन् ।

### तथ्य विश्लेषण प्रक्रिया

काव्यमा रहेका तथ्यको बिम्बका अभिलक्षणभित्र राखेर अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । अध्ययन, अवलोकन, उदाहरण र विश्लेषणबाट तथ्य निरूपण गरिएको यस लेखमा मूलतःआगमनात्मक विधिको प्रयोग भएको छ । बिम्बको स्वरूप, पहिचान र काव्यको मर्मलाई चर्चा गर्दा वर्णनात्मक, विश्लेषणात्मक र तार्किक विधिको समेत उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

बिम्ब भन्नाले छायाँ, दर्पण वा प्रतिच्छवि भन्ने बुझिन्छ । यो एक प्रकारको मानसिक तस्बिर हो । यसलाई *प्रयोगात्मक नेपाली शब्दकोशमा* कुनै व्यक्ति, वस्तु आदिका सम्बन्धमा मनभित्र बनेको चित्र वा मनमा परेको प्रभाव भनी चिनाइएको छ । ( अधिकारी र भट्टराई, २०६१, पृ. ९१६) यसको शब्द अङ्ग्रेजी Image को पर्यायका रूपमा प्रयोग भएको पाइन्छ । स्रष्टाका मानसिक भाव वा विचारलाई सम्मूर्तित गर्ने चित्रात्मक भाषा नै बिम्ब हो । मूलत: प्रस्तुतका माध्यमबाट अप्रस्तुतको, मूर्तका माध्यमबाट अमूर्तको र अप्रस्तुतका माध्यमबाट प्रस्तुतको चित्रण गर्ने सम्मूर्तनपरक, निर्दिष्टता एवं निश्चिततायुक्त कुनै वस्तुको काल्पनिक प्रत्यक्षीकरणपरक चित्रण र लेखन शैली नै बिम्ब हो । (गौतम, २०६०, पृ. १०) स्रष्टाले आफ्ना सिर्जनालाई थप कलात्मक, आकर्षक एवं प्रभावपूर्ण पार्ने प्रयोजनार्थ बिम्बको प्रयोग गर्न थालेको देखिन्छ । साच्चो अर्थमा बिम्बवाद १९औं शताब्दीको अन्त्यतिरका रोमान्टिक प्रतीकवादी अभियानका रचनागत शिथिलता, भावावेगको प्रवलता, भाषा अपव्यय र सङ्गीत स्वप्नका अस्तव्यस्तता समेतका अस्वीकारका रूपमा प्रकट भएको हो र यसै परिप्रेक्ष्यमा बिम्बवादको चरित्र पनि स्पष्टिन्छ । (त्रिपाठी, २०५८, पृ. ८४) पूर्वीय काव्यलेखनको वैदिककालीन समयदेखि नै बिम्बको सचेत-असचेत रूपमा प्रयोग भएको पाइए पनि कुनै सिद्धान्त, वाद वा सम्प्रदायका रूपमा यसको प्रयोग, विकास र विस्तार भएको होइन । यो खासगरी एउटा आन्दोलन, प्रयोग वा अभियानका रूपमा विसौं शताब्दीमा पश्चिममा देखा पर्यो । परम्परित स्वच्छन्दतावादी भावुकता र कथित प्रगतिवादी आग्रहको व्यतिरेकमा यसले आफूलाई जन्माउने र स्थापित बनाउने काम गर्यो । फ्रान्सेली प्रतीकवादी लेखनबाट प्रभावित बनेका टी. ई. हुम्मेले सर्वप्रथम (Image)

बिम्बको प्रयोग गरे । आफ्ना सिर्जनामा प्रस्तुत भएका बिम्बहरू क्लिष्टताबाट माथि उठ्नुपर्छ भन्ने हुल्मेका विचारबाट प्रभावित भएका एज्रा पाउण्डले समेत बिम्बपरक लेखनलाई महत्त्व दिए । यसैक्रममा जीवनभरको समय लगाएर असङ्ख्य पुस्तकको थुप्रो लगाउनुभन्दा एउटा बिम्बको सिर्जना धेरै मूल्यवान् हुन्छ (गौतम, २०६०, पृ ११) भन्ने टी. एस. इलियटले पनि आफ्ना कवितामा बिम्बको उच्चतम प्रयोग गरे । यसरी विकसित बिम्बले सैद्धान्तिक दृष्टिले आफूलाई स्थापित गरी विश्वव्यापी रूपमा नै काव्यको एक महत्त्वपूर्ण संरचक तत्त्वको  रूप लियो । यसैक्रममा नेपाली काव्यलेखन समसामयिक युगजीवनका परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र प्रयोगबाट असम्पृक्त हुनसक्दैन । कुनै पनि सर्जकले आफू बाँचेको परिस्थितिका पूर्वापर भोगाइ र सुदुर भविष्यका संभावित रेखाहरू कोर्ने माध्यम हो सिर्जना । त्यसमा पनि आफूलाई परम्परा भन्दा अलि भिन्न, फरक वा मौलिक रूपमा प्रस्तुत गर्नु अनि केही नवीन पन भित्र्याउनु उसको चाहना हो । यसै आधारमा मूलतः नेपाली कवितामा पूर्ण रूपमा सचेत भई बिम्बको प्रयोग हुनुपूर्व नै प्राच्य स्रष्टाहरूका सिर्जनाहरूमा असचेत रूपमा नै भए पनि बिम्बको प्रचूर प्रयोग भएका पर्याप्त नमूना भेटिन्छन् । पूर्वीय काव्य परम्पराको स्नेहपूर्ण छहारीमा हुर्केको नेपाली काव्यजगत-आलङ्कारिक प्रयोगको पृष्ठभूमिमा अघि बढेको देखिन्छ । यसक्रममा अर्थालङ्कारको सन्निकट रहँदै बिम्बको प्रयोग भएको पाइन्छ । नेपाली कविताको प्राथमिक तथा माध्यमिक कालसम्म आइपुग्दा स्रष्टाहरूले बिम्ब प्रयोगलाई जुन स्वरूपमा प्रस्तुत गरेका छन् त्यो आधुनिक काल र त्यसमा देखा परेका परिष्कारवादी, स्वच्छन्दतावादी र प्रयोगवादी हुँदै समसामयिक धारा एवं त्यसपछि भए गरेका विभिन्न राजनैतिक फेरबदलसम्म आइपुग्दा सयौँ स्रष्टाका सिर्जनामा बिम्बको प्रयोग नितान्त भिन्न बनेर भएको छ । पछिल्ला समयका काव्यसिर्जना बिम्ब योजनाका दृष्टिले थप सशक्त र उच्च कोटिका बन्न पुगेका छन् । बिम्बीय सचेतनालाई केन्द्रीकरण गरेर लेख्ने कुशल काव्यशिल्पीहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपी शेरचन आदिका साथै प्रयोगवादी र आयामेली कविहरूको यस क्षेत्रमा विशेष क्रियाशीलता, भूमिका  र योगदान रहेको छ । यही ऐतिहासिक तथा सैद्धान्तिक पृष्ठभूमिमा यस आलेखमा 'माटो' खण्डकाव्यमा प्रस्तुत बिम्बको खोजी तथा विश्लेषण गरिएको छ ।

## छलफल तथा विश्लेषण

प्रस्तुत लेखमा  'माटो' खण्डकाव्यको  रचना र प्रकाशन, 'माटो' खण्डकाव्यमा बिम्ब, अलङ्कारिक बिम्ब,  प्राकृतिक बिम्ब, स्पर्श वा स्पृश्य बिम्ब, ऐतिहासिक  बिम्ब,  समसामयिक यथार्थ बिम्ब, क्रान्ति बिम्ब, स्मृति बिम्ब,  संवेदनात्मक बिम्ब, पारदर्शी बिम्ब,  पौराणिक बिम्ब,  सजीव बिम्ब,   बौद्धिक बिम्ब, सामाजिक बिम्ब जस्ता विषयमा चर्चा गरी निष्कर्ष लेखिएको छ ।

**'माटो' खण्डकाव्यको रचना र प्रकाशन**

वि. .सं २०३६ मा *ऐंसेलु* नामक पत्रिकामा प्रकाशित माटो कविताको विकसित रूप हो ‘माटो’ खण्डकाव्य। रचना समय वि.सं. २०६० को वरिपरि रहेपनि यसको प्रकाशन भने वि. सं. २०६१ मा भएको छ। यसलाई स्रष्टा आचार्य स्वयम्ले आख्यान निरपेक्ष लघु काव्य भन्दै कसैले यसलाई खण्डकाव्य भन्न सक्छन्, (आचार्य, २०६१, मेरो भन्नु ) भनेका छन्। स्रष्टा स्वयम् को विचारका आधारमा मात्र नभई आयामगत दृष्टिले सानो भए तापनि परम्पराको विपरित नवीनतम प्रयोग, लेखनमा निर्वाध स्वतन्त्रता र विषयवस्तुगत गहनताका कारण यसलाई सहजै खण्डकाव्यको स्थान दिन सकिन्छ। (गौतम, २०६२, पृ. २) वि.सं.२०२० सालमा *मानसप्रभा* नामक पत्रिकामा *उनीलाई चिठी* नामको प्रथम छन्दोबद्ध कविता रचना गरेर साहित्यको यात्रारम्भ गरेका यिनले प्राध्यापन पेसासँगै रचनात्मक काममा पनि आफूलाई सक्रिय राखे। आयामका दृष्टिले लघु आकारको भएपनि राष्ट्र र मातृभूमिको प्रतीकका रूपमा माटोलाई उभ्याएका छन्। माटोको रक्षाका लागि विगतका त्याग, तपस्या, लडाइँ, र समर्पणका साथै वर्तमानमा हामीले गर्नुपर्ने काम र भविष्यको जिम्मेवारीप्रति सचेत गराउने काम यस काव्यमा स्रष्टाले गरेका छन्।

**'माटो' खण्डकाव्यमा बिम्ब**

*माटो* खण्डकाव्यमा रहेका बिम्बहरूबारे निम्नअनुसार सोदाहरण चर्चा गरिएको छः

**अलङ्कारिक बिम्ब**

अलङ्कारलाई बिम्बमय बनाई रचना गरिएका बिम्बलाई आलङ्कारिक बिम्ब भनिन्छ। यसले पूर्वीय अलङ्कारसँग नजिकको सम्बन्ध राख्दछ । यसको उपस्थिति काव्यकृतिमा साधनका रूपमा भएको हुन्छ । साहित्यमा सार्थकता, आकर्षकता र प्रभावकारिताको सिर्जनाका लागि सौन्दर्यको अर्थमा अलङ्ककारको विशिष्ट भूमिका छ। (थापा, २०५० पृ. २६२) यो मूलत: शिल्पपक्षसँग नजिक देखिन्छ। यस *माटो* खण्डकाव्यमा खासगरी रूपक र अतिशयोक्ति अलङ्कार मार्फत् सिर्जित थुप्रै आलङ्कारिक बिम्बहरू पाइन्छन्।

माटाकै थुप्रो सगरमाथा, खुकुरी यै माटो
त्यो डाँफे माटो, वन यो माटो गुराँस यै माटो ॥
मातैको पुञ्ज नेपाल देश, यै माटो शीतल
दुधालु गाई माटैकी श्रद्धा माटो नै भूतल ॥ (आचार्य, २०६१, पृ. ३)

यस कवितामा सगरमाथा, खुकुरी, डाँफे, वन, गुराँस आदिसँग माटाको अभेद आरोप गरिएकोले रूपक अलङ्कार स्पष्ट रूपमा देखिन्छ साथै सोही अलङ्कारका माध्यमबाट यहाँ सृष्टिका सम्पूर्ण पदार्थहरू माटाकै उपज भएकाले तिनको संरक्षण गर्दै तीप्रति आस्थावान् हुनुपर्ने भाव प्रतिबिम्बित भएको छ। त्यसैले यहाँ रूपकालङ्कार मूलक आलङ्कारिक बिम्बको प्रयोग भएको छ।

टाटे र पाटे बादलु लेक माटाले पारेको
खुकुरी खुँडा, चन्द्र र सूर्य माटाले भिरेको ॥ (आचार्य, २०६१, पृ. ५ )

यस कवितांशमा खुँडा, खुकुरी र चन्द्र-सूर्य आदि माटाले भिरेको भन्ने अतिशयपूर्ण वर्णन गरिएकाले अतिशयोक्ति अलङ्कार पर्न गएको छ । यसका साथै त्यसका माध्यमबाट यस कवितांशमा मानवको गौरवशाली इतिहास र आस्था माटाकै माध्यमबाट मर्यादित बनेको भाव पनि प्रतिबिम्बित भएको छ। अतएव यहाँ अतिशयोक्तिमूलक आलङ्कारिक बिम्बको सफल प्रयोग भएको छ।

आवाज ठूलो सुनेमा छाती फुट्दछ माटाको
मान्छेको घृणा देखेमा आँत सुक्दछ माटाको ॥(आचार्य, २०६१, ११ )

यहाँ माटाको छाती फुट्ने र आँत सुक्ने अतिशय वर्णन हुनाले अतिशयोक्ति अलङ्कार स्पष्ट देखिन्छ । यसै अलङ्कारलाई विम्बमय बनाई यहाँ धर्ती वा राष्ट्रलाई युद्ध,आतङ्क र विध्वंसजस्ता सन्त्रासपूर्ण कार्यहरू सुपाच्य नहुने भएकाले त्यस्ता कार्य तत्काल बन्द गर्नुपर्ने भाव व्यक्त भएको छ । यसकारण यहाँ पनि अतिशयोक्तिमूलक आलङ्कारिक विम्ब देखिन्छ। यी बाहेक अरू थुपै आलङ्कारिक बिम्बहरू पनि कवि आचार्यले *माटो* खण्डकाव्यमा प्रयोग गरेका छन्।

### प्राकृतिक बिम्ब

प्रकृतिको सुन्दरतालाई चित्रण गर्ने क्रममा प्रकृतिबाट टिपिएका बिम्ब नै प्राकृतिक बिम्ब हुन् । मानवनिरपेक्ष सौन्दर्य सत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरी यसैबाट काव्यमा एउटा सौन्दर्य चेतनाको चित्रात्मक उपस्थिति गर्नु नै प्राकृतिक बिम्ब आयोजना हो । (गौतम, २०६१, पृ.२६) स्वच्छन्दतावादी काव्यमा बढी प्रयोग हुने यस्ता बिम्बको प्रयोग कवि आचार्यले गरेको देखिन्छ–

मिर्मिरे बिहान चुर्फुर चरी चुल्बुले बोलीमा
कलकल गरी बगेकी गङ्गा माटाकै डोरीमा ॥
तिर्मिर सूर्य रातो छ दिन औंल्याउदै विहान
सङ्केत गर्छ त्यो दिनलाई माटाकै मुहान ॥
बतास चल्छ सिरसिर गरी माटालाई रिझाउन
शीतल बुँद टप्कन्छन् जहाँ माटालाई भिजाउन ॥
हरेक पल धड्कन्छ मुटु माटाकै बेगले
चड्दछ मान्छे सगरमाथा माटाकै डेगले ॥ (आचार्य, २०६१, पृ. ७ )

उल्लिखित पद्यहरूमा बिहानको मिर्मिरे वातावरण, चुल्बुले चरीको बोली, गङ्गाको कलकल बगाई, सिरसिर हावा, शीतल बुँद, उदाउदो सूर्य, चुचुरातिरको यात्रा आदि प्राकृतिक छटालाई बिम्बात्मक रूपमा प्रस्तुत गरी प्रकृतिको सुन्दर चित्र प्रतिबिम्बित गरिएको छ । यसर्थ प्रस्तुत नमूनालाई प्राकृतिक बिम्बको उत्कृष्ट नमूना मान्न सकिन्छ।

### स्पर्श वा स्पृश्य बिम्ब

स्पर्श वा स्पृश्यबिम्ब इन्द्रियसंवेद्य बिम्ब हो । यो मूलत: इन्द्रिय संवेद्यताको स्पर्श तत्त्वसँग सम्बद्ध हुन्छ । त्वक् स्पर्शजन्य संवेदनाको समन्वयबाट यस्ता स्पर्श बिम्बको सिर्जना हुन्छ । (गौतम, २०६१, पृ. २२) यस दृष्टिले *माटो* खण्डकाव्यको निम्नलिखित पद्यलाई हेर्न सकिन्छ :

तिर्सना लहर चल्दछन् मेरो मनलाई छोपेर

चुमौं कि जस्तो लाग्दछ मैरै माटालाई छोएर ।।
माटालाई मायाँ गर्दैमा सिङ्गो जीवन गैसक्यो
माटालाई चुम्न खोज्दैमा ओठ थकित भैसक्यो ॥ (आचार्य, २०६१, पृ. ३ )

यहाँ स्पर्श वा स्पृश्यबिम्बको प्रयोग भएको देखिन्छ । माटालाई चुम्न खोज्दैमा ओठ थकित भएको बिम्बमय कथनबाट यस कवितांशमा मातृभूमिलाई अपेक्षित माया, स्नेह र संरक्षण दिएर हराभरा र उर्वर बनाउन नसकेको स्वीकारोक्ति व्यक्त भएको छ ।

### ऐतिहासिक बिम्ब

ऐतिहासिक घटना, पात्र, परिवेश, स्थान आदि इतिहासपरक वस्तुसन्दर्भ काव्यबिम्बका रूपमा प्रयुक्त हुनुलाई ऐतिहासिक बिम्ब भनिन्छ । यस काव्यमा प्रयुक्त उक्त बिम्बको नमुना यसप्रकार रहेको छ -

जस्तै:- नसोध तिमी के हो यो माटो जिउँदो मान्छे त
माटाकै लागि खल्बल गर्छ माटो नै जगेडछ ।।
पुरुखा हाम्रा पृथिवी राजा, माटाकै लोभमा

गोर्खालीलाई नेपाली पारे, माटाकै खोजमा ॥ (आचार्य, २०६१, पृ. ३)

यहाँ आधुनिक नेपालका निर्माता एवं एकीकरणकर्ता पृथ्वीनारायण शाहको ऐतिहासिक योगदानलाई स्मरण गरी सिङ्गो भूमि वा माटाका निम्ति समर्पित भएको भावसहित ऐतिहासिक बिम्ब झल्किएको छ ।

### समसामयिक यथार्थ बिम्ब

समसामयिक युग र जीवनका बेथिति, विकृति एवं ज्यादति र अन्योलपूर्ण अवस्थालाई प्रस्तुत गर्ने सामग्रीलाई समसामयिक यथार्थ बिम्ब भनिन्छ । काव्यकार आचार्यका निम्नलिखित हरफहरूले सोही कुराको पुष्टि गरेका छन् –

जस्तै : अमिलो भयो देशको माटो एम्बुस धुवाँमा
नथाप माटो देशलाई च्याखे सर्वस्व जुवामा ॥ (आचार्य, २०६१, पृ.१२ )

उल्लिखित हरफहरूमा तत्कालीन समयमा राजनीतिक स्वार्थ, सत्ता र अस्तित्वका निम्ति गरिएका युद्ध र त्यसले सिङ्गो मानव समाज एवं राष्ट्रलाई पारेको असर तथा समग्र परिवेश र भूमि नैं दूषित भएको भाव व्यक्त हुँदा समसामयिक बिम्बको सशक्त नमुना बनेको छ ।

**क्रान्ति बिम्ब**

परिवर्तन, स्वतन्त्रता, स्वाधीनता, मुक्ति, विकासनिर्माण आदिका लागि गरिने काम क्रान्ति बिम्बका नमुना हुन् । यिनले क्रान्तिचेतनाको पक्षपोषण गर्दछन् । यस दृष्टिले आचार्यका निम्नलिखित हरफहरूलाई हेर्न सकिन्छ –

तन्नेरी तिम्रो पौरख पोख, माटोलाई सिँगार्न
वृद्धले आफ्नो विवेक पोख, यो माटो सुधार्न ॥
बालक तिम्रो कल्पना शक्ति माटोमै रोपिद्यौ
बनाउन घर मिलेर सबै यो माटो बोकिद्यौ ॥ (आचार्य, २०६१, १२ )

यहाँ ध्वंसात्मक परिवर्तन वा क्रान्तिको नभई निर्माणात्मक क्रान्तिको कुरा गरिएको छ । तन्नेरीले आफ्नो पौरख, वृद्धले विवेक र बालकले कल्पनाशक्ति माटालाई सिँगार्न उपयोग गर्नुपर्ने बेला आएको छ । अतीतमा हामीले हिंसाको, ध्वंस अर्थात् विनाशको क्रान्ति गर्यौं । त्यसले हामीलाई माथि उठाएन, तसर्थ अब सुझबुझका साथ राष्ट्रिय हित र समृद्धिका निम्ति सबैले ऐक्यबद्ध भई रचनात्मक क्रान्ति र निर्माणमा लागौं भन्ने आशययुक्त यी हरफहरू क्रान्ति बिम्बका सुन्दर नमुना हुन् ।

**स्मृति बिम्ब**

स्मृति वा सम्झनाद्वारा बिम्बको सिर्जना हुनुलाई स्मृति विम्ब भनिन्छ । यिनीहरू अतीतको स्मरण गर्छन् । अनुपस्थित वा अप्रस्तुतलाई स्मृतिद्वारा प्रतिबिम्बन गर्नु यिनको काम हो । यस दृष्टिले *माटो* खण्डकाव्यका निम्न हरफहरूलाई हेर्न सकिन्छ –

माटाका छोरा बुद्ध ती हिंडे, माटाकै तानामा
माटाकै कथा कथेका थिए, सुनौला पानामा ॥
माटाकै छोरी भृकुटी गाउँछिन्, माटाकै मन्त्रणा
अरनिको ब्युँझे, माटामै बढे, यै रम्य धरामा ॥ (आचार्य, २०६१, पृ. ५)

यहाँ कविले माटाको गुरुता र गरिमाको चर्चाका क्रममा बुद्ध, अरनिको र भृकुटीलाई सम्झिएका छन् । सम्पूर्ण विश्वकै माटो र मानिसमा शान्तिको सुवास छर्ने बुद्ध, आफ्ना कलाकारिताले नेपाल र नेपालीको नाम राख्ने अरनिको र मित्रराष्ट्रसँग सुमधुर सम्बन्ध कायम गर्न सघाउने भृकुटीका विशिष्ट कार्य र योगदान माटाका निम्ति भएका हुन् भन्ने भाव प्रस्तुत गर्ने यी पद्य स्मृति बिम्बका सबल नमुना हुन् ।

### संवेदनात्मक बिम्ब

प्रत्यक्ष र ऐन्द्रियिक प्रभावहरूलाई चित्रबद्ध गर्ने र रिस, ईर्ष्या, दुःख, चिन्ता खुसी आदि मानवीय संवेदनाहरूलाई प्रस्तुत गर्ने र चित्रण गर्ने बिम्ब नै संवेदनात्मक बिम्ब हो । (गौतम, २०६२, पृ. २०) यस दृष्टिले निम्नलिखित पद्य महत्त्वपूर्ण देखिन्छ :

गहमा आज छ आँसु मात्रै मन छ दुखेझैँ
मान्छे छ सारा सपनाहरू सर्लक्क सुकेझैँ ॥
माटो यो जम्मै उर्बरा शक्ति हराएजस्तो छ
मान्छे यो आफू आफूलाई देख्दा डराए जस्तो छ ॥ (आचार्य, २०६१, पृ. १२ )

उल्लिखित पद्यमा वर्तमान अवस्थाका हामीहरूको दुःखदायी अवस्था व्यक्त भएको, गहमा आँसु लिएर सपना सुकाई आफूभित्रको ऊर्जा हराएको आजको मानव आफैंले आफैंलाई विश्वास नगरी त्रासको अवस्थामा पुगेको भावले संवेदनात्मक बिम्बको उत्कृष्ट स्वरूप प्रस्तुत गरेको छ ।

### पारदर्शी बिम्ब

काव्यको वस्तुता र स्पष्टतालाई देखाउने काम पारदर्शी बिम्बले गर्दछन् । निर्मल जल वा सिसा जस्तै छर्लङ्ग हुनु पारदर्शी बिम्बको अभिलक्षण हो । अतिशय यथार्थको अभिव्यक्तिमा वा प्रतिबिम्बात्मक कथनमा पनि यसको प्रयोग भएको पाइन्छ । यस आधारमा आचार्यको निम्नलिखित पद्यलाई लिन सकिन्छ :

बन्दुक बम फ्याकेर माटो बोकेर हिँड्छौ कि
माटाका लाज बचाउन तिमी अगाडि बढ्छौ कि ॥
अमिलो भयो देशको माटो एम्बुस धुवाँमा
नथाप माटो देशलाई च्याँखे सर्वस्व-जुवामा ॥ (आचार्य, २०६१, पृ १२)

माथिको पद्यले द्वन्द्वकालीन समयको वस्तुस्थितिलाई छर्लङ्ग पार्ने काम गरेको छ । बम र बन्दुकले रक्ताम्य बनेको देशको माटो अमिलो भएकोले अब जुवामा च्याखे थाप्ने काम बन्द गरिनु पर्ने अभिव्यक्ति प्रस्तुत भएको छ । देशको तत्कालीन वस्तुस्थितिलाई हुबहु ढङ्गले चित्रित गरिएको हुँदा यहाँ पारदर्शी बिम्ब परेको छ ।

### पौराणिक बिम्ब

देवाख्यान वा देवीदेवताहरूका चरित्रमा आधारित गम्भीरता र उदात्तताले युक्त एवं लोकविश्वास र आस्था समेत पाएका बिम्बहरू पौराणिक हुन् । (गौतम, २०६१, पृ .२५) यसै मान्यताका आधारमा निम्नलिखित पद्यहरूलाई पौराणिक बिम्बका नमूनाका रूपमा लिन सकिन्छ:

हो रे यो कथा कल्पित कुरा भन्दछ को वीर
माटाकै निम्ति ती वीर पनि बनेथे अधीर ॥

रामको इच्छा थिएन लङ्का, ती आफ्नै माटाको
तिर्सना राख्थे नभए फेरि वा त्यो छोड्दथे ॥
यै माटो बन्छ लक्ष्मणरेखा यो देश बनाउन
मान्छेका निम्ति बाँध्दछ सीमा सृष्टि यो चलाउन ॥
जड हो माटो स्वभाव तर चेतनजस्तो छ
विश्वको सत्ता माटो नै माटो स्वरूप यस्तो छ ॥ (आचार्य, २०६१ पृ. ४- १०)

उल्लिखित पद्यहरूमा मूलत: आफ्नो माटोरूपी भूमिप्रतिको अगाध आस्था, श्रद्धाभाव र प्रेमका कारण रामले सुन्दर लङ्कामा प्राप्त वैभवलाई त्यागेका छन् । उनले आफ्नी पत्नी सीताको रक्षाका निम्ति निश्चित घेरा नछोड्न गरेको आग्रहको प्रतीक रेखा लक्ष्मण रेखाको चर्चा गरिएको छ । यी भनाइले खासगरी रामको उच्च आदर्शमय चरित्र र लङ्कामा बसेर सस्तो भावुकताका पछि लाग्दा आफ्नो देश नबन्ने तथ्यलाई स्पष्ट पारेको छ । राम आदर्श पात्र, लक्ष्मण रेखा मर्यादा वा सीमा र लङ्का भौतिक सम्पन्नता वा वैभवका सूचक पौराणिक बिम्बका सशक्त  दृष्टान्त बनेका छन् ।

**सजीव बिम्ब**

विम्बलाई प्रभाव क्षमताका आधारमा गरिने वर्गीकरणमध्ये सजीव बिम्ब पनि एक हो । यसमा खासगरी  काव्यकारले वर्ण्य वस्तुलाई जीवन्त रूप दिई त्यसलाई उच्च मानवीकृत समेत गरेको हुन्छ । यस आधारमा तल दिइएको  पद्यलाई हेर्न सकिन्छ :

माटाले दिन्छ पुरुषलाई शौर्य र धृष्टता
माटाकै वल लिएर हुन्छिन् प्रकृति प्रसुता ॥
माटाकै  वल  मिलेर मान्छे पाउँछ श्रेष्ठता
माटामै बाच्छ मान्छेको सारा ज्ञानको ज्येष्ठता ॥ (आचार्य, २०६१,पृ ९ )

उल्लिखित पद्यमा शौर्य र धृष्टता पुरुषलाई दिने, प्रकृतिलाई प्रसूता बनाउने, श्रेष्ठता प्रदान गर्ने र सम्पूर्ण ज्ञानको उच्चता पनि  मानिसलाई माटाले नै प्रदान गर्ने कुराको संजीव प्रस्तुति छ । प्रत्यक्ष रूपमा माटो मानवेतर वस्तु भए पनि जीवनमा यसको भूमिकाको लाक्षणिक अर्थबोध गरिदा यहाँ सजीव बिम्ब परेको छ ।

**बौद्धिक बिम्ब**

विषयवस्तुका आधारमा बौद्धिक बिम्बलाई पनि उल्लेख गरिएको छ । सिर्जनामा बुद्धितत्त्वको प्रवलता  हुँदा बौद्धिक बिम्ब देखा पर्दछ । यस दृष्टिले हेर्दा काव्यकार आचार्य उच्च प्राज्ञिक कर्ममा साधनारत रहेकोले त्यसले निर्माण गरेको व्यक्तित्व उनका सिर्जनामा प्राप्त गर्न सकिन्छ ।

मान्छेले माटो चिन्दछ जब त्यै मोती बन्दछ
चिनेन भने उसले माटो विध्वंश चल्दछ ॥

बोल्दैन माटो मौन छ सधैँ बोलाउने तिम्ले हो
हाँस्दैन आफै यो माटो कैल्यै हँसाउने तिम्ले हो ।।
बन्दछ स्वर्ग- नर्क यै माटो बनाउने मान्छे हो
मृत्तिका आफै साधन मात्र साध्य यै मान्छे हो ।। (आचार्य, २०६१ पृ.९)

यहाँ मोतीसमान अमूल्य भूमिलाई आत्मसात् नगरी विध्वंश मच्चाउनेहरूप्रति स्रष्टाले आक्रोश ओकलेका छन् । केवल साधनका रूपमा रहेको यसलाई स्वर्ग वा नर्क मानिस स्वयम्ले निर्माण गर्ने वैचारिक अभिव्यक्ति प्रस्तुत भएकाले यसलाई बौद्धिक बिम्बका रूपमा लिन सकिन्छ

**सामाजिक बिम्ब**

कलात्मक दृष्टिले गरिने बिम्बको विभाजनमा सामाजिक बिम्ब पनि पर्दछ । स्रष्टा स्वयम् समाजको उपज भएकोले उसका काव्यिक प्रस्तुति पनि स्वत: सामाजिक अङ्ग बन्न पुग्दछन् । यस दृष्टिले हेर्दा निम्न लिखित पद्य महत्त्वपूर्ण देखिन्छ ।

जागरी होऊ खोस्रेर माटो चलाई पाखुरा
उमार बीउ, सप्रन्छन् यही सुनौला आँकुरा ।
बाँच्नका लागि माटाले दिन्छ अमृत पिउन
कसैको मुख ताकेर बस्नु पर्दैन जिउन ।। (आचार्य, २०६१ पृ. ८ )

यस पद्यमा स्रष्टाले कर्मशील बनेमा अरूको मुख ताक्न नपर्ने बताएका छन् । अरूको लहलहैमा लागेर बरालिने अनि कर्ममा विश्वास नगर्ने आजको कथित युवाजमात्प्रति सामाजिक बन्न अनि भुइँ नछोड्न आग्रह गर्दा यो पद्य सामाजिक बिम्बको नमूना बनेको छ । उल्लिखित उदाहरणहरूका अतिरिक्त यस काव्यमा अन्य थुप्रै बिम्बहरूको प्रयोग भए पनि यस आलेखमा सबैको चर्चा गरिएको छैन ।

## निष्कर्ष

खण्डकाव्यकार नारायणकुमार आचार्यको '*माटो* खण्डकाव्यले इतिहासमा आफ्ना सत्कर्मले सुपरिचित बनेका वीर योद्धाहरूले गरेका त्याग, समर्पण र बलिदानको स्मरण एवं उच्च सम्मान गर्दै वर्तमानमा हामीले बिराएको बाटोप्रति सचेत गराएको छ । कर्तव्यलाई समयमै हृदयङ्गम गरिएन भने भविष्य उज्ज्वल नबन्ने झिनो कथावस्तुलाई लोकलयका सुन्दर हरफमार्फत् पस्किएको छ । राष्ट्रप्रेमप्रतिको चासो, सद्भाव र ममतासँगै कर्मयोगवादी दर्शन बिम्बमय ढाँचामा प्रस्तुत गरिएको छ । काव्यकार स्वयम्ले आफ्ना भावना प्रस्तुत गरेको हुँदा विशुद्ध कविप्रोढोक्ति कथन पद्धतिमा आधृत् यस खण्डकाव्यमा आलङ्कारिक, प्राकृतिक, आस्वाद्य, ऐतिहासिक, समसामयिक, क्रान्ति, स्मृति, संवेदनात्मक, पारदर्शी, पौराणिक, सजीव, बौद्धिक, सामाजिक प्रभृत्ति बिम्बहरूको प्रयोगले काव्यको भाषिक, शैल्पिक र भावगत सौन्दर्यलाई जुरुक्क उठाएका छन् । काव्यकृतिमा बिम्बको प्रयोगले निर्माण गरेको सौन्दर्यलाई हेर्दा स्रष्टाका

मानसिक तस्विरलाई चित्रात्मक अभिव्यञ्जन गर्नुका साथै अभिव्यक्तिलाई थप प्रभावपूर्ण बनाइएको छ । काव्यार्थको पूर्ण स्पष्टता हुनुका साथै संवेदात्मक र सजीवताको स्पष्टाङ्कन भएको छ । बुद्धि र संवेगको समन्वयात्मक प्रस्तुतिसँगै आफूले भन्न खोजेको माटोसम्बद्ध रहस्यपूर्ण तथ्य स्पष्टसँग सम्मूर्तित भएको छ । माटाका माध्यमबाट समसामयिक राजनैतिक चेतना, इतिहास, वर्तमान सन्दर्भ र राष्ट्रप्रतिको उच्च श्रद्धा र भविष्यका निम्ति मार्गनिर्देश गरिएको छ । सूक्तिमयता, संक्षिप्तता र अभिव्यक्तिगत तीक्ष्णताका साथै शिल्पसौन्दर्यभन्दा भावसौन्दर्यप्रतिको सचेतता काव्यमा पर्याप्त मात्रामा रहेको छ । विभिन्न सर्ग, पात्र, विश्राम अनि स्पष्ट कथानकको अभावजस्ता सीमा हुँदाहुँदै पनि मातृभूमिको संरक्षण, संबर्धन र श्रीवृद्धिमा समर्पित हुनुपर्ने आग्रह बोकेकोले शीर्षकको औचित्यसमेत पुष्टि हुने यो काव्य लघु आयामको भइकन पनि विशिष्ट सिर्जना बनेको छ । समुन्नत समाज र समृद्ध राष्ट्रको निर्माणमा जुट्नु हामी सबैको कर्तव्य भएको तथ्यलाई काव्यले मूल चुरोका रूपमा प्रस्तुत गरेको छ ।


## कृतज्ञता ज्ञापन

यस लेखलाई व्यवस्थित र सान्दर्भिक बनाउनका लागि उपयुक्त सुझाव दिनुहुने आदरणीय विषयविज्ञप्रति कृतज्ञता ज्ञापन गर्दछु ।


## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, वद्रीविशाल (२०६१). *प्रयोगात्मक नेपाली शब्दकोश*. (सम्पा.). विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, नारायणकुमार (२०६१).*माटो* (लघुकाव्य ) र *रापतीका तरङ्ग* (गीत सङ्ग्रह). सिर्जनशील परिवार ।

उपाध्याय, केशवप्रसाद (२०४४).*साहित्यप्रकाश*. (चौ. सं.) . साझा प्रकाशन ।

गौतम, ध्रुवराज (२०६२). 'कवि नारायणकुमार आचार्य र यिनको 'माटो' खण्डकाव्यमा अभिव्यञ्जित यथार्थ. *नयाँयुगबोध* दैनिक, वर्ष २९, अङ्क १३ ।

गौतम, लक्ष्मणप्रसाद (२०६०). *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण*.प्रकाशन साझा ।

त्रिपा ठी, वासुदेव (२०५८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग २). साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०). *साहित्य परिचय*. (चौ.सं.). साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६३). *कवि नारायणकुमार आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन.*अप्रकाशित शोधपत्रः स्नातक तह, ने. सं. वि. ।

बराल, ईश्वर र अन्य (२०५५). *नेपाली साहित्य कोश*. (सम्पा). नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।